# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

डोर मुकाम, तेह्रथुम

अ.छा.बे.

पत्र संख्याः २०७८/७९
च.नं. १४

मितिः २०७८/६/२२

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
मेन्छयायेम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मोराहाङ्ग, तेह्रथुम।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८/६/२१ मा छलफल पश्चात् तयार गरिएको पाना २८ ( अठ्ठाइस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी गाँउकार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

२०७८/६/२२

(घनश्याम अधिकारी)
निर्देशक

**बोधार्थ तथा कार्यार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ( प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समिति,
तेह्रथुम ( प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
तेह्रथुम ( प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

## आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थानः
मेन्छयायेम गाउँपालिका,
मोराहाङ्ग, तेह्रथुम ।

| | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुखः | श्री सन्तोष दर्जी | २०७७।४।१ | २०७८।३।३१ | ४१११७१४८/- |
| लेखा प्रमुखः | श्री बेदनाथ खनाल | २०७७।४।१ | २०७८।३।३१ | |

स्थानीय सञ्चितकोष - आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो अनुसारको विवरण प्राप्त हुन आएन । गाउँपालिकाले पेश गरेको विवरण अनुसार गाउँपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

| विवरण | टिप्पणी | यो वर्ष (रु) | | | | गत वर्ष (रु) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ती/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| १ | २ | ३ | ४ | ५ | ६= ४ +५ | ७ | ८ | ९= ७ +८ |
| **प्राप्ती (क+ख)** | | २७६१८५०६१.०० | २६४९७८८३३.०६ | ० | २६९५३८१८५ | २४१३६१३८७।९३ | | २४१३६१३८७।९३ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | २७०५५९६४०.०० | २६०४१९४८१.५६ | ० | २६४९७८८३३ | २३,८०,४६,५४५.९३ | | २३,८०,४६,५४५.९३ |
| ११००० कर | ११ | ४३६९४१००.०० | ३२५१३३०३.९२ | | ३२५१३३०३.९२ | २,६१,५९,९१९.५२ | | २,६१,५९,९१९.५२ |
| १३००० अनुदान | | २२६८६५५४०.०० | २२७९०६१७७.६४ | ०.०० | २२७९०६१७७.६४ | २१,१५,०१,००० | | २१,१५,०१,००० |
| संघीय सरकार | १२ | २०८०८५५४०.०० | २०८६८०५४०.०० | | २०८६८०५४०.०० | १७,८८,९४,००० | | १७,८८,९४,००० |
| प्रदेश सरकार | १२ | १७५८००००.०० | १७५८००००.०० | | १७५८००००.०० | ३,२६,०७,००० | | ३,२६,०७,००० |
| १४००० अन्य राजस्व | | १२०००००.०० | १६४५६३७.६४ | | १६४५६३७.६४ | ३,८५,६२६.४१ | | ३,८५,६२६.४१ |
| ख. अन्य प्राप्ति | | ५६२५४२१.०० | ४५५९३५१.५० | ० | ४५५९३५२ | ३३१४८४२ | | ३३१४८४२ |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ० | ० | ० | | ० |
| कोषहरु | | २४६१७७७.०० | १६२७२०७.५० | | १६२७२०७.५० | २३,१५,३४२ | | २३,१५,३४२ |
| धरौटी | | ३१६३६४४.०० | २९३२१४४.०० | | २९३२१४४ | ४९९५०० | | ४९९५०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | | | | | ५००००० | | ५००००० |
| भुक्तानी (ग+घ) | | ३००३६५२७३.८९ | २६६६५९३००.०१ | ०. | २६६६५९३००.०१ | २२८१८६२६६ | | २२८१८६२६५।८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | २९४७३९८५२.८९ | २६४१६६५८५.०१ | ० | २६४१६६५८५ | २२,६०,८३,५००.८४ | | २२,६०,८३,५००.८४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ८३०५००००.०० | ७३७२११८९.०० | | ७३७२११८९ | ७,३३,०९,४१८ | | ७,३३,०९,४१८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९८५७५७८२.८९ | ८१९२१६४४.०० | | ८१९२१६४४ | ४,३६,८७,२७२.६४ | | ४,३६,८७,२७२.६४ |
| २५००० सहायता (Subsidy) | १८ | ०.०० | ०.०० | | ० | २९,५८,९११ | | २९,५८,९११ |
| २६०० अनुदान | १८ | १०००००.०० | ०.०० | | ० | | | |
| २७००० सामाजिक सुरक्षा | १८ | २५७५०००.०० | २०८७५४०.०० | | २०८७५४० | २८,३९,९४३.७० | | २८,३९,९४३.७० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अन्य खर्च | १८ | २१५३९०७०.०० | २०८२६२१६.०१ | | २०८२६२१६।०१ | १५,७९,६०६ | | १५,७९,६०६ |
| गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ८८९०००००.०० | ८५६०९९९६.०० | | ८५६०९९९६ | १०,००,०८,३४९.५० | | १०,००,०८,३४९.५० |
| अन्य भूक्तानी | | ५६२५४२१.०० | २४९२७१५.०० | ० | २४९२७१५ | २१०२७६५ | | २१०२७६५ |
| कोषहरु | | २४६१७७७ | २३६०२१५ | | २३६०२१५ | १७,२७,७९५ | | १७,२७,७९५ |
| धरौटी | | ३१६३६४४ | १३२५०० | | १३२५०० | ३७४९७० | | ३७४९७० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | | | | | ० | | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | ( २४१८०२१२८९ | (१६८०४६६।९५ | | (१६८०४६६.९५ | १३१७५१२२२१ | | १३१७५१२२२१०९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २५,९२५,२५९.३८ | | २५९२५२५९.३८ | १२७४९१९३ | | १२७४९१९२१९६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ( २४१८०२१२८९ | २४२४४७९२।४३ | | २४२४४७९२.४३ | २५९२४३१५।१ | | २५९२४३१५।०५ |
| बैंक तथा नगद बाकी | २४ | | २४२४४७९२.४३ | | २४२४४७९२.४३ | २५९२५२५९।३८ | | २५९२५२५९.३८ |

# लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन

| कार्यालय - मेन्छयायेम गाउँपालिका, तेह्रथुम | | आ.व. २०७७/७८ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| १. | **वित्तीय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गरेको छैन ।<br>• स्थानीय तहले संचितकोषमा गत विगतको बाँकी, यस बर्ष प्राप्त रकम र संचितकोषवाट भएकोव खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खाता र पुंजिगतवाट संचितकोष खातामा रकम ट्रान्सफर गर्नुपर्नेमा सो गरेको देखिएन । | |
| २. | **अनुदान फिर्ता** - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार २०७८ आषाढ मसान्तसम्ममा संघीय सरकारतर्फ रु.१८७०३९७२।- र प्रदेश सरकारतर्फ रु.१००३६४।- गरी जम्मा रु.१८८०४३३६।- अनुदान खर्च नभई बाँकी देखिएकोले फिर्ता गरी प्रमाण पेश हुनुपर्ने रु... | १८८०४३३६/- |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• गाउँपालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची-२११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा भएको व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• गाउँपालिकाले सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई | |

| कार्यालय - मेन्छयायेम गाउँपालिका, तेह्रथुम | | आ.व. २०७७/७८ |
|---|---|---|
| क्र.सं. नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | जिन्सी सामान वितरण गरेको पाईयो ।<br>• वडा कार्यालय र विभिन्न विषयगत शाखामा रहेका जिन्सी सामानको स्पेसिफिकेशन र परल मुल्य सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• प्रचलित ऐन अनुसार कर्मचारीहरुको तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१ करोड १२ लाख ४३ हजार तलबभत्ता खर्च लेखेको पाईयो ।<br>• गाउँपालिकाका पदाधिकारीलाई मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको देखिएन ।<br>• गाउँपालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको देखिएन ।<br>• गाउँपालिका प्रमुखले पालिका क्षेत्रभन्दा बाहिर ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश यथा | |

र्यालय - मेन्छयायेम गाउँपालिका, तेह्रथुम आ.व. २०७७/७८

| फा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| --- | --- | --- |
| | सम्भव अग्रीमरुपमा र अग्रीमरुपमा सम्भव नभए लगत्तैको कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा नगराई आफैले स्वीकृत गरेको देखियो ।<br>• कतिपय भ्रमण खर्चको विल साथ भ्रमण प्रतिवेदन पेश गर्ने गरेको देखिएन ।<br>• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको देखियो।<br>• निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदनमा प्राविधिकवाट काम सुरु मिति, सम्पन्न गर्नुपर्ने मिति, सम्पन्न भएको मिति, भुक्तानी भौचर नं. आदि उल्लेख गर्ने गरेको देखिएन ।<br>• उपभोक्ता समिति गठन गर्दा समितिका पदाधिकारीहरु कुनै लाभको पदमा नरहेको भनी स्वयं घोषणा पेश गर्नुपर्नेमा पेश गर्ने गरेको देखिएन ।<br>• उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि बमोजिम उपभोक्ता समितिले प्रयोग गर्नुपर्ने अनुसूची फारामहरु प्रयोग गर्ने गरेको देखिएन ।<br>• उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा मेसिन प्रयोग गर्न नहुने र प्रयोग गर्नुपर्दा कारण खुलाई प्राविधिकको सिफारिस लिनुपर्नेमा त्यस्तो सिफारिस लिने गरेको देखिएन ।<br>• कतिपय इन्धन खरिद खर्चको भौचरसाथ इन्धन खर्चको लगबुक संलग्न गर्ने गरेको देखिएन ।<br>• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरी कार्यालय सम्बन्धी काम मात्र उल्लेख गर्ने गरेको देखियो।<br>• गोश्वारा भौचरसाथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने गरेको देखिएन।<br>• स्थानीय भत्ता भुक्तानी लिएका कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता बापतको रकम कट्टी गर्ने गरेको देखिएन ।<br>• कार्यक्रम सञ्चालन गर्न कर्मचारीलाई पेश्की दिँदा खर्चको अनुमानित विवरण तयार गरी संलग्न गर्ने गरेको देखिएन ।<br>• कतिपय गोश्वारा भौचरसाथ सक्कल कर विजकहरु नराखी फोटोकपी कर विजकबाट समेत खर्च लेख्ने गरेकोले यसमा नियन्त्रण हुनुपर्दछ ।<br>• यथा समयमै विद्युत महशुल भुक्तानी गरी नियमानुसार पाउने छुटको समेत सुविधा उपभोग गर्नुपर्नेमा महशुल बुझाउन ढिलाई गरी थप दस्तुर समेत खर्च लेख्ने गरेको देखियो ।<br>• योजना अनुगमन समितिका संयोजक तथा गा.पा. उपाध्यक्षले कतिपय योजनाको अनुगमन प्रतिवेदनमा दस्तखत नगरी छाप मात्र लगाउने गरेको देखियो ।<br>• पदाधिकारीहरु निर्वाचन भएकै वर्ष २०७४ मा पालिकाले उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा न्यूनतम ५ प्रतिशत जनश्रमदान हुनुपर्ने भनी गरेको निर्णयलाई तत्पश्चातको वर्षहरुमा पालिकाले पुनरावलोकन गरी सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा व्यवस्था भए अनुसार समायोजन हुने गरी यकिन गर्नुपर्नेमा नगरेकोले यसमा सुधार हुनुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले | |

प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री गिता देवी तिम्सिनाले २०७७।८।२६ गते रु.२७ करोड ३५ लाख ५४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।।८।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।९।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐन कानूनले तीकिदिएको अवधिभित्र बजेट पेश गरी पारित गर्नेतर्फ कार्यालयले ध्यान पुर्याउनु पर्दछ ।

५. **योजना कार्यक्रम संसोधन तथा रकमान्तर** - गाउँपालिकाले गाउँ सभावाट स्वीकृत कार्यक्रम अनुसारका योजनाहरु संचालन गरी ती योजनाहरुमा विनियोजित बजेट परिचालन गर्नुपर्दछ । यस पालिकाको सभाले यस वर्षको लागि स्वीकृत गरेका विभिन्न योजनाहरुमा विनियोजित बजेट पालिका अध्यक्ष एवं कार्यपालिका बैठकको निर्णयवाट संसोधन एवं रकमान्तर गरी खर्च गरेको देखियो । गाउँ कार्यपालिकाले २०७७ फागुन १० मा ४ योजनाको बजेट संसोधन एवं रकमान्तर गरी रु. ९ लाख खर्च गरेको छ । यसरी सभाले स्वीकृत गरेको योजना, कार्यक्रम तथा बजेटमा पालिका अध्यक्ष तथा कार्यपालिकाको निर्णयले फेरबदल गरी गरेको संसोधन एवं रकमान्तरलाई पछिल्लो सभाले अनुमोदन गरेको भएतापनि स्थानीय सरकार संचालन ऐनको भावना एवं मर्म अनुसार सभाले गरेको निर्णयमा अवमुल्यन भएको देखियो । यस प्रकार संसोधन एवं रकमान्तर गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६. **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष समपुरक कोषमा रु.४० लाख, जनतासँग गाउँपालिका अध्यक्ष कार्यक्रममा रु.२ लाख ५५ हजार, जनतासँग गाउँपालिका उपाध्यक्ष कार्यक्रममा रु.१ लाख ३० हजार र जनतासँग वडा अध्यक्ष कार्यक्रममा रु.१ लाख समेत रु.४४ लाख ८५ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम मध्ये समपुरक कोष बापत राखेको रकम कार्यपालिकाको पटक पटकको निर्णयबाट विभिन्न योजनाहरुमा खर्च गरेको छ । साथै पदाधिकारीहरुको कार्यक्रममा राखेको बजेट सम्बन्धित पदाधिकारीको तोक आदेशबाट खर्च हुने गरेको छ । बजेट अबण्डामा राखी पटक पटकको कार्यपालिका बैठकको निर्णय तथा पदाधिकारीहरुको तोकआदेशबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

७. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यालयले स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको चौमासिक पुजिगत खर्चको स्थिति देहाय अनुसार छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पुंजिगत कूल खर्चः | ८५६१० | ० | ८९८५ | ७६६३५ | |
| | खर्च प्रतिशत | १०० | ० | १०.४९ | ८९.५१ | |

चौमासिक पूँजिगत खर्चको स्थिति विश्लेषण गर्दा अन्तिम चौमासिकमा एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा बढी खर्च गरी हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गर्नुपर्दछ । | |
| ८. | **सेवा प्रवाह** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाउँपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । यस गाउँपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ । | |

| क.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १९९ | १९९ | |
| २ | घरबाटो सिफारिस | ३२ | ३२ | |
| ३ | नाता प्रमाणित | ९३ | ९३ | |
| ४ | जन्म मृत्यु दर्ता | ७९५ | ७९५ | |
| ५ | अन्य | २२९ | २२९ | |
| | जम्मा | १३४८ | १३४८ | |

गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ९. | **दरबन्दी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा प्रशासकीय संगठन र कर्मचारी दरबन्दी सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था बमोजिम कार्यालयबाट संगठन संरचना एवं दरबन्दी स्वीकृती सम्बन्धी कार्य भएको छैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त विवरण अनुसार पालिकामा कार्यालय सहयोगी र सवारी चालक बाहेक विभिन्न पदका गरी ३७ जनाको दरबन्दी स्वीकृत गरेको देखिन्छ । हाल पालिकामा दरबन्दी भित्र विभिन्न पदका स्थायीतर्फ ३ र करारतर्फ ८ जना गरी ११ जना कर्मचारी कार्यरत देखिएका छन् । त्यस अतिरिक्त पालिकाले करारमा विभिन्न पदमा गरी २० जना कर्मचारी भर्ना गरेको देखिन्छ । करारमा कार्यरत कर्मचारीहरुको तलब भत्ता बापत यस वर्ष जम्मा रु. ५४ लाख ९९ हजार खर्च भएको छ । तसर्थ पालिकाले आफ्नो संगठनको संरचना गरी वास्तविक आवश्यकता, औचित्यता र मितव्ययिताको आधारमा स्थायी तथा सेवा करारवाट लिइने दरबन्दी स्वीकृत गरी सोको व्यवस्थापन गर्नुपर्दछ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको इन्जिनियर-१, सब इन्जिनियर-१, ना.प्रा.स.-१, प्राविधिक सहायक- १ गरी ४ जना कर्मचारी करारमा नियुक्ति गरी बर्षभरीमा निजहरुको तलब भत्ता बापत रु.१५६६३३०/- भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु... | १५६६३३०/- |
| १०. | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को बुँदा नं.७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | तहले कानून एवं कार्यविधि बनाई यो बर्ष विभिन्न ९ जना कर्मचारीलाई प्रोत्साहन भत्तास्वरुप रु. ५७३७७२।- खर्च गरेको देखियो । यस प्रकारको खर्चवाट पालिकालाई आर्थिक व्ययभार बढ्न गएको देखिएको छ । | |
| ११. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष गाउँपालिका चालु शीर्षकबाट खाजा खानातर्फ रु.७१६७३३/- खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १२. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । गाउँपालिकाले यस बर्ष कार्यविधि तयार नगरी विभिन्न दीर्घरोगी उपचार तथा दैवी प्रकोप पीडितलाई प्रति व्यक्ति घटीमा रु. ४०००/- देखि बढीमा रु.२५०००/- सम्म गरी आर्थिक सहायता बापत रु. ४४३०००।- वितरण गरेको देखियो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १३. | **अग्रीम कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु./- अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु... | ६४३९१/- |

| भौ नं. र मिति | करको प्रकार | भुक्तानी लिनेको नाम | भुक्तानी विवरण | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|---|
| | | **गा.पा. चालुतर्फ** | | | |
| १२२-०७८।२।२४ | अग्रीम कर | वडा सचिव विष्णु प्रसाद पोखेल | आदिवासी जनजाती कार्यक्रममा विभिन्न खर्च | ७३४५१ | ११०२ फर्छ्योट |
| | बहाल कर | वडा सचिव विष्णु प्रसाद पोखेल | हल भाडा | ९००० | ९०० फर्छ्योट |
| | अग्रीम कर | खेमनाथ गौतम | प्रशिक्षक भत्ता | ३१५०० | ४७२५ |
| | अग्रीम कर | कमल गौतम | प्रशिक्षक भत्ता | १३५०० | २०३ |
| | | **संघीय शर्शत चालुतर्फ** | | | |
| २७-०७७।११।१७ | अग्रीम कर | आलु पकेट सञ्चालन समिति १,२,३ | आलु बिउ खरिद | ९००००० | २७०० |
| २१२-२०७८।३।२८ | पारिश्रमिक | इन्जिनियर कुशल लिम्बु | प्राविधिक फिल्ड भत्ता (१ प्रतिशत मात्र कट्टि गरेकोले नपुग) | १४०००० | १९६०० फर्छ्योट |
| | | अ.स.इ.डिल्लीराम ढकाल | ,, | ९०००० | १२६०० |
| | | स.इ.ज्ञानेन्द्र श्रेष्ठ | ,, | ६०००० | ८४०० |
| | | अ.स.इ.प्रमिला कुमारी तामाङ | ,, | ५०००० | ७००० |
| | | स.इ.अजय कुमार मण्डल | ,, | ५११५० | ७१६१ |
| | | **जम्मा** | | | ६४३९१ |

| | | |
|---|---|---|
| १४. | **मूल्य अभिवृद्धि कर कट्टी** ( आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशतले कट्टी गरेको मु.अ.कर रकम रु.५१३९३५।- राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ५१३९३५/- |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम मु.अ.समेत | मु.अ.कर कर रकम | ५० प्रतिशत मु.अ.कर रकम |
|---|---|---|---|---|
| **गाउँपालिका चालुतर्फ** | | | | |
| १९९-०७८।३।२२ | सरोज निर्माण सेवा | ४९४६३७ | ५६९०५ | २८४५२ |
| २३०-०७८।३।२६ | टि.आर.ए.सि.ई. प्रा.लि. | ५००००० | ५७५२२ | २८७६१ |
| **संघीय शर्शत चालुतर्फ** | | | | |
| ७४-०७८।३।१३ | सिमिनासी सप्लायर्स | २८४७६० | ३२७६० | १६३८० |
| ९१-०७८।३।२२ | सेलकम टेक्नोलोजी | २६७००० | ३०७१६ | १५३५८ |
| ९१-०७८।३।२२ | लिओस लिङ्क टेक्नोलोजी | २८५००० | ३२७८८ | १६३९४ |
| १०२-०७८।३।२६ | दिप लाइट ईनर्जी प्रा.लि. | ३९६००० | ४५५५८ | २२७७९ |
| १०७-०७८।३।२८ | रिद्दी सिद्दी मेडिटेक इन्टरनेशनल | ३९१००० | ४४९८२ | २२४९१ |
| **संघीय शर्शत पूँजिगततर्फ** | | | | |
| ९-०७८।१।१८ | पदम श्री मेडिसेल्स | ४८९९८९ | ५६३७० | २८१८५ |
| **गाउँपालिका पूँजिगततर्फ** | | | | |
| २०७७-२०७७/१०/७ | मिड नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ४८५९०० | ५५९०० | २७९५० |
| " | एब्नि इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. | १५७०७०० | १८०७०० | ९०३५० |
| २१४-२०७८/३/२८ | " | ९७१०४२ | १११७१२ | ५५८५६ |
| १२-२०७८/३/२८ | ड्रग इन्टरनेशनल प्रा.लि. | २७९८५५८ | ३२१९५८ | १६०९७९ |
| जम्मा | | | | ५१३९३५ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **गाउँपालिका चालुतर्फ** | |
| १५. | **यातायात सुविधा** - गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (संशोधन सहित) को दफा ३ अनुसुचि-१ (क) मा पालिकाका वडा अध्यक्ष र वडा सदस्यलाई सवारी साधन उपलब्ध नभएमा मासिक क्रमशः रु.४ हजार र रु.२ हजारले यातायात खर्च बापतको सुविधा पाउने व्यवस्था छ । उक्त व्यवस्था अनुसारको सुविधा पालिकाले मासिक रुपमा भुक्तानी दिइसकेको छ । त्यस अतिरिक्त पालिकाका देहाय अनुसारका वडा अध्यक्ष तथा वडा सदस्यालाई पालिकाको मोटरसाईकल उपलब्ध गराई सो को मर्मत तथा इन्धन खर्च समेत कार्यालयले व्यहोर्ने गरेको छ । यस प्रकार पदाधिकारीहरुलाई दोहोरो सुविधा दिन मिल्ने नदेखिँदा मासिक यातायात खर्च बापतको रकम सम्बन्धित पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु... | २१६०००/- |

| सि. नं. | वडा नम्बर | पदाधिकारीको दर्जा नाम | वार्षिक यातायात खर्च रकम |
|---|---|---|---|

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | १ | वडा अध्यक्ष सहरमान लिम्बु | ४८००० |
| २ | २ | वडा अध्यक्ष राम बहादुर लिम्बु | ४८००० |
| ३ | ३ | वडा अध्यक्ष विनय कुमार लिम्बु | ४८००० |
| ४ | ४ | वडा अध्यक्ष लिला कुमार लिम्बु | ४८००० |
| ५ | ६ | वडा सदस्य श्री प्रसाद लिम्बु | २४००० |
| | | जम्मा | २१६००० |

१६. बैठक भत्ता- गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (संशोधन सहित) को दफा ३ मा पदाधिकारीलाई बैठक नबसेको दिनको बैठक भत्ता पाउने व्यवस्था छैन । त्यसैगरी छलफलको एजेन्डा नै नभएको दिनमा समेत बैठक बसेको देखाई बैठक भत्ता भुक्तानी लिन मिल्ने देखिँदैन । देहायको विवरण अनुसार कार्यपालिकाका पदाधिकारीहरुलाई वर्ष भरमा एजेन्डा विहिन २० बैठकको भत्ता भुक्तानी भएको देखियो । त्यसैगरी वडा नं. १, २, ३ र ५ का वडा समितिका पदाधिकारीलाई विभिन्न मितिमा बैठक नबसेको र एजेन्डा विहिन बैठकको भत्ता समेत भुक्तानी दिएको पाइयो । यस प्रकारका बैठकको भत्ता भुक्तानी दिन नमिल्ने हुँदा उक्त रकम सम्बन्धित पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु...... २७०३००/-

| सि. नं. | दर्जा नाम थर | बैठक संख्या | भुक्तानी रकम कट्टी कर घटाई |
|---|---|---|---|
| १ | गा. पा. अध्यक्ष यादव बहादुर खापुङ्ग | २० | १७००० |
| २ | गा. पा. उपाध्यक्ष गिता देवी तिम्सिना | २० | १७००० |
| ३ | वडा अध्यक्ष सहरमान लिम्बु | २० | १७००० |
| ४ | वडा अध्यक्ष राम बहादुर लिम्बु | २० | १७००० |
| ५ | वडा अध्यक्ष विनय कुमार लिम्बु | २० | १७००० |
| ६ | वडा अध्यक्ष लिला कुमार लिम्बु | २० | १७००० |
| ७ | वडा अध्यक्ष शिवनाथ खापुङ्ग | २० | १७००० |
| ८ | वडा अध्यक्ष प्रदिप कुमार बुढाथोकी | २० | १७००० |
| ९ | का. पा. सदस्य मिङ फुरी शेर्पा | २० | १७००० |
| १० | का. पा. सदस्य लाख बहादुर दर्जी | २० | १७००० |
| ११ | का. पा. सदस्य कला दर्जी | २० | १७००० |
| १२ | का. पा. सदस्य शान्ता तामाङ्ग | २० | १७००० |
| १३ | का. पा. सदस्य बिमला कोईराला | २० | १७००० |
| १४ | का. पा. सदस्य विष्णु माया आचार्य | २० | १७००० |
| १५ | सदस्य सचिव सन्तोष दर्जी | २० | १७००० |
| १६ | वडा सदस्य गौरी प्रसाद दाहाल | २ | १७०० |
| १७ | वडा सदस्य पहलमान लिम्बु | २ | १७०० |
| १८ | वडा सदस्य बिजुली माया वि.क. | २ | १७०० |
| १९ | वडा सदस्य प्रेम कुमार तामाङ्ग | २ | १७०० |
| २० | वडा सदस्य पूर्णहाङ्ग चोङ्गबाङ्ग | २ | १७०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | आ.व. २०७७/७८ बेरुजू रकम रु. |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २१ | वडा सदस्य संगिता नेपाली | २ | १७०० |
| २२ | वडा सदस्य मन बहादुर लिम्बु | १ | ८५० |
| २३ | वडा सदस्य बिर बहादुर दर्जी | १ | ८५० |
| २४ | वडा सदस्य शान्तीकला गुरुङ्ग | १ | ८५० |
| २५ | वडा सदस्य बिनोद चन्द्र भट्टराई | १ | ८५० |
| २६ | वडा सदस्य हर्क बहादुर तामाङ्ग | १ | ८५० |
| २७ | वडा सदस्य कृष्ण माया दमाई | १ | ८५० |
| | | १ | ८५० |
| | जम्मा | | २७०३०० |

१७. **वितरणमुखी कार्यक्रम** - स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसंग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । गाउँपालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी योजनाहरु संचालन गरेको देखियो । यस्ता वितरणमुखी योजनाहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने देखिदैन । यस प्रकारको योजनाहरुमा खरिद गरी वितरण गरेका विभिन्न जिन्सी सामानहरु सम्बन्धित संस्थको जिन्सीमा आम्दानी बाँधेको समेत देखिंदैन । यसरी संस्थाको जिन्सिमा आम्दानी नभएका सामानहरु संरक्षित हुन पनि सक्दैनन् । उदाहरणका रुपमा केही कार्यक्रमहरु देहाय अनुसार छन् ।

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ३४-०७७।११।४ | नेपाल टेलिभिजनबाट प्रसारित सिंगिङ्ग आइकन स्टारमा तेस्रो स्थान जित्न सफल मेन्छयायेम-४ का लक्ष्मण लिम्बुलाई प्रोत्साहन प्रदान | १००७१५ |
| ६५-०७७।१२।१९ | हिंसा पिडित महिला उद्दार कार्यक्रम | ३००००० |
| ८१-०७७।१२।२६ | वडा नं. १ र २ को सामुदायिक विकास घुम्ती कोषमा लगानी | १००००० |
| १४२-०७८।३।८ | लिम्बु जातीको उत्पती स्थल, मुन्धुम आदिको अध्ययन, अनुसन्धान पुस्तक प्रकाशनकर्ता बसन्त सिंह लिम्बुलाई भुक्तानी | १००००० |
| १४८-०७८।३।९ | जनतासँग वडा अध्यक्ष कार्यक्रम अन्तर्गत ब्लाङ्केट, हर्लिक्स, साबुन आदि वितरण | ९९५७५ |
| १६७-०७८।३।१२ | विभिन्न विद्यार्थीलाई ब्याग तथा पोशाक वितरण | ३९९१६१ |
| १९१-०७८।३।२२ | जनतासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत खेलकुद सामाग्रि खरिद एवं वितरण | ८०००० |

१८. **दन्त शिविर सञ्चालन कार्यक्रम-** भौ नं. २-०७८।२।२७ ( प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम) र ४४-०७७।११।१८ (गाउँपालिका चालु) पालिका क्षेत्र भित्रका दन्त रोगीहरुको उपचार गर्न २०७७।१०।२१ देखि २३ सम्म ३ दिने दन्त उपहार कार्यक्रम सञ्चालन गर्न पालिका र हेल्पिङ्ग युथ संस्था बिच २०७७।१०।१० मा सम्झौता भएको थियो । लागत साझेदारीमा सञ्चालित उक्त कार्यक्रममा पालिकाबाट रु.५ लाख, प्रदेश नं. १ सामाजिक विकास मन्त्रालयबाट रु.५ लाख र हेल्पिङ्ग युथ संस्थाबाट रु.५ लाख गरी रु.१५ लाख व्यहोरिने उल्लेख छ । कार्यक्रममा उक्त लागत साझेदारी भन्दा बढीको सेवा प्रदान गरी थप खर्च लाग्न गएमा उक्त थप खर्चको ३४ प्रतिशत हेल्पिङ्ग युथ

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | संस्थाबाट र बाँकी ६६ प्रतिशत पालिकाबाट व्यहोर्ने उल्लेख छ । शिविर सञ्चालनमा हेल्पिङ्ग युथ संस्थाबाट रु.१५०००००/- लाख र कार्यक्रमको उद्घाटन लगायतका कार्यक्रम व्यवस्थापनमा खर्च भएको रु.३२३२११/- समेत रु.१८२३२११/- खर्च भएकोमध्ये प्रदेश मन्त्रालयको रु.५०००००/- र पालिकाबाट रु.१३२००००/- गरी रु.१८२००००/- पालिकाबाट भुक्तानी भएको देखिन्छ । शिविर सञ्चालन सम्बन्धी देखिएका थप व्यहोराहरु निम्नानुसार छन् । | |
| १८.१. | हेल्पिङ्ग युथ संस्थासँग भएको सम्झौता अनुसार शिविरमा भएको खर्च मध्ये रु. ५०००००/- संस्थाले व्यहोर्ने उल्लेख भएकोमा सबै खर्च पालिकाबाट भुक्तानी भएकोले संस्थाबाट भुक्तानी हुने अंश रु. ५०००००/- असुल हुनुपर्ने देखिएको रु... | फछ्र्यौट ५०००००/- |
| १८.२. | पुर्वाञ्चल डेन्टल हस्पिटल प्रा.लि. को विल अनुसार शिविरमा ३९० बिरामीको जाँच गरेको देखाएकोमा संलग्न बिरामी जाँचको विवरण अनुसार ३७५ जना मात्र जाँचेको देखिँदा १५ जना बढी संख्याको प्रति व्यक्ति रु. १००/- ले बिरामी जाँच शुल्क बापत बढी दावि गरेको रु. १५००/- र विभिन्न बिरामीलाई ३२१ वटा खुद्रा दाँत लगाएको विल पेश गरेकोमा दाँत लगाएका बिरामीको विवरण अनुसार २४७ वटा दाँत मात्र लगाएको देखिँदा बढी दावी गरेको ७४ दाँतको प्रति दाँत रु. १०००/- ले बढी भुक्तानी भएको रु.७४०००/- समेत जम्मा असुल गर्नुपर्ने रु..... | ७५५००/- |
| १८.३. | गाउँपालिकाले विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य संस्था सञ्चालनको अनुमती लिएको संस्था मार्फत गर्नुपर्दछ । पालिकाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति नलिएको गैर सरकारी संस्था हेल्पिङ्ग युथसगँ सम्झौता गरी दन्त शिविर कार्यक्रम सञ्चालन गरेको छ । संस्थाले खर्च रकम भुक्तानी लिँदा आँफूले स्वास्थ्य संस्था सञ्चालनको अनुमति प्राप्त नगरेकोले अनुमति प्राप्त संस्था पूर्वाञ्चल डेन्टल क्लिनिकको नामको विल पेश गरेको देखियो । यसरी अनुमती नलिएको संस्थामार्फत भएको कामकारवाही दक्ष एवं गुणस्तरयुक्त हुन सक्दैन । तसर्थ कार्यालयले कार्यक्रम सञ्चालन गर्ने संस्था छनौट गर्दा त्यस्तो संस्थाले कार्यक्रम सञ्चालनको अनुमती प्राप्त गरे नगरेको यकिन गर्न ध्यान पुर्याउनु पर्दछ । | |
| १९. | **कर विजक-** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मुल्य अभिवृद्धि कर मा दर्ता भएका व्यक्तिले कारोवार गर्दा रित पूर्वकको कर विजक जारी गर्नुपर्दछ । निम्न विवरण अनुसारको कारोवारमा जारी भएको विजक नं. हातले लेखी रित पूर्वक जारी गरेको देखिएन । यस्तो कर विजक मार्फत भएको कारोवारको मुल्य अभिवृद्धि कर आन्तरिक राजश्व कार्यालयमा दाखिला वा समायोजन गरेको सुनिश्चित नहुने हुँदा सोको कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.... | २८६९७/- |

| भौ. नं. र मिति | कामको विवरण | फर्मको नाम | विजक रकम | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| १३४-०७८।३।८ | गाडी मर्मत खर्च | कुवेर अटो वर्क्स (३०२८७८२५५) | ११९७७७ | १५५७१ | विजक नं. सच्याएको |
| २३८-०७८।३।२७ | गाडी मर्मत खर्च | कुवेर अटो वर्क्स (३०२८७८२५५) | १००९६९ | १३१२६ | विजक नं. सच्याएको |
| | | | जम्मा | २८६९७ | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २०. | **धरौटी कट्टी-** भौ.नं. १९९-०७८।३।२२ सार्वजनिक खरिद नियमावली, २०६४ मा द्विपक्षीय सम्झौता अनुसार निर्माण व्यवसायी मार्फत निर्माण एवं मर्मतको कार्यबापत दिएको भुक्तानीमा ५ प्रतिशतले धरौटी बापतको रकम कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सरोज निर्माण सेवा मार्फत मोराहाङ्ग चौकी मुनी | |

कार्यालय - मेन्छयायेम गाउँपालिका, तेह्रथुम

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | ग्राभेल, ताङ्गमाया कुलो एवं बसपार्कमा विभिन्न कार्यबापत लिएको भुक्तानी रु. ४३७७३३/- को ५ प्रतिशतले धरौटी बापत रु. २१८८७/- कट्टी गर्नुपर्नेमा नगरेकोले नियमसम्मत नदेखिएको रु.... | २१८८७/- |
| २१. | **मेडपा साझेदारी कार्यक्रम-** गरीबि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारको शसर्त अनुदान बाट रु. २९०००००/- र गाँउपालिकाको साझेदारी रु. २७०००००/- गरी रु. ५६०००००/- बाट यो कार्यक्रम सञ्चालन भएको छ । उक्त साझेदारी लागतमध्ये गाँउपालिकातर्फको लागतबाट ढाका बुनाई तालिम, तरकारी खेती, कोशेली घर सञ्चालन लगायतका कार्यक्रमहरु गाउँपालिका अध्यक्षका निजी सचिव गोपाल प्रसाद दाहाल मार्फत सञ्चालन भएको देखिन्छ। यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन् । | |
| २१.१. | भौ.नं. २०९-०७८।३।२४ कार्यालयले निर्माण सम्बन्धी सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ अनुसार लागत अनुमान तयार गरी रु. ५०००००/- देखि रु.२००००००/- सम्मको सामानको खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्दछ । यस कार्यक्रम पाथिभारा हार्डवेयर इटहरीको २०७८।३।१९ को विल बिजक मार्फत २५ एम.एम. १० के.जी. को एच.डि.पि.ई. पाइप १४००० मिटर रु. ८५४२८०/- मा लागत अनुमान नबनाई प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको देखिएकोले उक्त खरिद कार्य नियमसम्मत नदेखिएको रु.... | ८५४२८०/- |
| २१.२. | पाइप खरिद गर्दा जिल्ला दररेटमा तोकिएको दर भन्दा बढी दरले खरिद गर्न नमिल्नेमा उक्त साइजको पाइपको जिल्ला दर मु.अ.कर सहित प्रति मिटर रु. ५९।३४ भएकोमा कार्यालयले रु. ६१।०२ मा खरिद गरेकोले जिल्ला दरमा तोकिएको दर भन्दा बढी दरले खरिद गर्दा बढी खर्च भएको रु. २३५२०/- असुल गर्नुपर्ने देखिएको रु... | २३५२०/- |
| २१.३. | खरिद भएका उक्त पाइपहरु जिन्सीमा मौज्दात नभएको साथै लाभग्राहीलाई वितरण गरेको प्रमाण समेत नभएकोले सो सम्बन्धमा कार्यालयले यकिन गरी पाइप प्रयोगको प्राविधिक प्रतिवेदन सहित लाभग्राहीलाई वितरण भएको प्रमाण पेश हुनुपर्दछ । | |
| २२. | **बढी भत्ता भुक्तानी-** गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ (संसोधन सहित) मा वडा सचिवले वडा समितिको बैठकमा सदस्य सचिव भै काम गर्नुपर्ने व्यवस्था छ । कार्यपालिकाको निर्णयमा एक जना वडा सचिवले जति वटा वडा कार्यालयको वडा सचिवको काम गरेपनि प्रति महिना बढीमा ५ बैठकको मात्र बैठक भत्ता दिन मिल्ने उल्लेख छ । पालिकामा सबै वडाको वडा सचिवको काम गर्ने वडा सचिव श्री विष्णु प्रसाद पोखरेललाई मासिक ५ बैठकले वार्षिक ६० बैठकको मात्र भत्ता पाउनेमा ८५ बैठकको भत्ता भुक्तानी दिएकोले बढी भुक्तानी भएको २५ बैठकको भत्ता कट्टी कर घटाई असुल हुनुपर्ने रु..... | ५ फछ्यौट<br>२१२५०/- |
| | **गा.पा. चालु स्वास्थ्यतर्फ** | |
| २३. | **तालिम खर्च-** भौ नं. ५-०७७।१०।७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा कार्यालयले स्वीकृत बजेट खर्च गर्दा नियमावलीमा उल्लेख भए भन्दा बढी नहुने र दोहोरो नपर्ने गरी खर्च लेख्नुपर्दछ । वान हार्ट वल्डवाइड संस्था द्वारा कोशी अस्पताल विराटनगरमा एस.बि.ए. तालिम र दमकको आम्दा अस्पतालमा आर.यु.एस.जि. तालिम संचालन गरेको देखियो । एस.वि.ए. तालिममा यस पालिकाबाट सहभागी भएका देहायका स्वास्थ्यकर्मीहरुलाई भ्रमण खर्च नियमावली अनुसार नपाउने होटलवास खर्च भुक्तानी दिएको देखियो । त्यसैगरी आर.यु.एस.जी. तालिमका सहभागीलाई तालिम आयोजक संस्थाबाट नै तालिम खर्च भुक्तानी हुने उल्लेख भएकोमा यस कार्यालयबाट समेत तालिम खर्च भुक्तानी भई दोहोरो पर्न गएको देखियो । तसर्थ दिन नमिल्ने उक्त रकम सम्बन्धितबाट | |

| ...र्यालय - मेन्छयायेम गाउँपालिका, तेह्रथुम | | बेरुजू रकम रु. |
|---|---|---|
| ...फा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | ५४९००/- |

असुल गर्नुपर्ने देखिएको रु.....

| सि.नं. | दर्जा नाम थर | तालिमको नाम | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अ.न.मी. पुष्पा पंधाक | आर.यु.एस.जी तालिम | ३०९०० (फछ्र्योट) | आयोजक संस्थाबाट खर्च व्यहोरिने उल्लेख |
| २ | स.चौथो मनिका लिम्बु | एस.बि.ए. तालिम | १२००० | होटलबास खर्च |
| ३ | स.पाँचौ निशा ढुंगेल | एस.बि.ए. तालिम | १२००० | होटलबास खर्च |
| | | जम्मा | ५४९०० | |

२४. **अस्पताल फार्मेसी-** गाउँपालिकास्थित १५ सैयाको मेन्छयायेम अस्पतालमा यसै वर्ष देखि फार्मेसी सेवा समेत प्रारम्भ गरेको देखियो । उक्त फार्मेसी सेवा सञ्चालन गर्न पालिकाले कम्प्युटर, प्रिन्टर, फर्निचर, अस्पताल बेड एवं औषधी व्यवस्थापन समेतमा थप लगानी गरेको देखिन्छ । अस्पताल व्यवस्थापन समितिले गरेको उक्त आम्दानी खर्च कारोबारको लेखापरीक्षण गराउनुपर्नेमा सो गराएको पाइएन । तसर्थ आय व्यय विवरण तयार गरी लेखापरीक्षणको लागि पेश हुनुपर्दछ ।

२५. **भाडामा एम्बुलेन्स सञ्चालन-** पालिकाले २०७८ जेठ देखि एम्बुलेन्स सेवा सञ्चालन गर्न आइत बहादुर एभेङ्ग स्मृती प्रतिष्ठानसँग २०७८।२।१ मा गरेको सम्झौतामा उल्लेखित एवं विरामिलाई अस्पताल पुऱ्याए बापत असुल गरेको शुल्क पालिकालाई बुझाउनुपर्ने शर्त अनुसार २०७८ जेठ महिनामा उठेको शुल्क मध्ये रु. २०३००/- असुल गर्न बाँकी रहेको बुझियो । उक्त बाँकी रकम प्रतिष्ठानसँग असुल गरी पालिकामा दाखिला गर्नुपर्ने रु... २०३००/-

२६. **खर्चको पुष्टयाई -** कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ। गाउँपालिकाले देहायको विवरण अनुसारको खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो । तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... २०१२३६१/-

| गो.भौ.र मिति | खर्चको विवरण | भुक्तानी लिनेको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| | | गाउँपालिका चालुतर्फ | | |
| ७३-०७७।१२।२० | विद्यालयमा प्रजेक्टर ३ थान लगायतका शैक्षिक सामग्री खरिद | युवा वर्षा आ.वि. | १५०००० (फछ्र्योट) | उक्त सामग्रीहरु जिन्सीमा आम्दानी नगरेको |
| १६७-०७८।३।१२ | विद्यार्थीलाई ब्याग १३५ थान र पोशाक १७० थान वितरण | ज्ञानगौरा निर्माण सेवा | ३९९०३३ | ब्याग ७ थान र पोशाक ८० थान वितरणको भरपाई एवं अनुगमन प्रतिवेदन समेत नभएको |
| १७०-०७८।३।१३ | मेडपा साझेदारी कार्यक्रम अन्तरगत फ्रेमवाला तान १५ सेट, जुवा सेट ६, कोका कंगी साडी ५ सेट र सल १ सेट खरिद | सिमिनाक्षी सप्लायर्स | २२५९४३ (फछ्र्योट) | उक्त सामग्री जिन्सीमा मौज्दात नदेखिँदा सम्बन्धितलाई बुझाएको प्रमाण र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने |
| १८५-०७८।३।२२ | स्वीकृत कार्यक्रम अन्तर्गत प्लाष्टिक टनेल ९ थान, इलेक्ट्रिक स्प्रेयर १ थान, पाइप ९०० मिटर खरिद | सुर्के सामुदायिक कृषी फर्म | १००००० | उक्त सामग्रीको प्रयोग तथा वितरणको प्रमाण नभएको |
| २३३-०७८।३।२६ | साझेदारीमा चिया खेती | टिना जडीबुटी बहुउद्देश्य | १००००० | उक्त बिरुवाहरु रोपण गरेको नदेखिएको |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम अन्तर्गत १००५० गोटा चियाका बिरुवा खरिद | कृषि फर्म | | र अनुगमन प्रतिवेदन समेत नभएको |
| १४-०७८।१।१८ (गा.पा. चालु स्वास्थ्य) | गर्भवतीका लागि खरिद आयोडिन युक्त नुन तथा क्याल्सियम चक्की ४६४०४ ट्याबलेट खरिद | अधिकारी मेडिकल हल | २००००० | उक्त सामग्री वितरणको प्रमाण नभएको |
| **संघीय शर्शत चालुतर्फ** | | | | |
| १९-०७७।११।५ | क्षयरोग समिक्षा बैठक तथा वार्षिक समिक्षा बैठकको प्रशिक्षक भत्ता रकम भुक्तानी | स्वास्थ्य संयोजक किशोर कुमार शाह तेली | ९८१५ | प्रशिक्षण भत्ता कस कसले बुझेको हो सोको भरपाई नरहेको र प्रशिक्षण विषयको कार्यपत्र समेत पेश नभएको |
| ७४-०७८।३।१३ | मेडपा कार्यक्रम अन्तर्गत बडी सिलाई मेसिन १८ थान खरिद | सिमिनाक्क्षी सप्लायर्स | २८४७६० फछ्र्यौट | उक्त मेसिन जिन्सीमा मौज्दात नदेखिँदा सम्बन्धितलाई बुझाएको प्रमाण र अनुगमन प्रतिवेदन समेत नभएको |
| **संघीय शर्शत पूँजीगततर्फ** | | | | |
| ३५-०७८।३।२६ | मेन्छयायेम अस्पतालमा सोलर मोड्युल खरिद | पञ्चकन्या इन्टरप्राइजेज एण्ड प्रिन्टिङ्ग प्रेस | ३००००० फछ्र्यौट | उक्त सोलार अस्पतालको जिन्सीमा दाखिला गरी जडानको प्राविधिक नाप जाँच तथा पुष्ट्याई पेश हुनुपर्ने |
| ११३-२०७८।२।२४ | विपन्न परिवारलाई ट्यांकी तथा प्लाष्टिक पोखरी र टनेल वितरण | विभिन्न सप्लायर्य | २४२८१० | खरिद भएका ११ थान हिलटयांक, ६ थान प्लाष्टिक पोखरी र १८ थान टनेल सम्बन्धितलाई वितरण गरेको भरपाई पेश नभएको । |
| | जम्मा | | २०१२३६१ | |

### गाउँपालिका पुँजिगततर्फ

२७. **स्थानीय दररेट-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन । निर्धारित समयभित्रै न्युनतम दररेट निर्धारण गरी लागत घटाउनेतर्फ पालिकाको ध्यान जानु आवश्यक छ ।

२८. **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कारोवारको भुक्तानीमा प्राप्त गरेको मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट देहायको फर्मलाई भुक्तानी दिएको मू.अ.कर रु.७०८६०१।- को सम्बन्धमा प्यान नं. सर्च गर्दा करदाताले सम्बन्धित आ.रा.का.मा मुल्य अभिवृद्धिकर दाखिला नगरी लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई करदाता नन्फाईलर रहेको पाइयो ।

| गो.भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मु.अ.कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| १५८-२०७८/३/१६ | मेन्छयायेम निर्माण सेवा | ६०७६३८७०१ | ५५५१४५६ | ६३८६६५ | २०७७ मंसिर देखि |
| ५-२०७७/११/२ | " | " | ६०७९०७ | ६९९३६ | " |
| जम्मा | | | | ७०८६०१ | |

कानूनी व्यवस्थाअनुसार करदाताले कर विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने — ७०८६०१/-

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | आ.व. २०७७/७८ |
|---|---|---|
| | रु... | बेरुजू रकम रु. |
| २९. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेकोमा नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्। | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| भोटे गौरी देखि भित्ता घर सडक | सडक निर्माण | ८१६००० | स्क्याभेटर | ६०७९०७ |
| लम्बले देखि कमेनी खोला सडक | सडक निर्माण | ३३६००० | स्क्याभेटर | २७५९३३ |
| घुमाउरे डाँडा खेल मैदान निर्माण | खेल मैदान निर्माण | २८८००० | स्क्याभेटर | २८३८०४ |
| घुमाउने डाँडा आलुबारी सडक ट्रयाक ओपन | सडक निर्माण | ७६८००० | स्क्याभेटर | ७१५११३ |
| हिङलेखु दिपुङ्ग गौखुरीधाम उ.स. | सडक स्तरोन्नती | ५२९३१७२ | स्क्याभेटर | २०५६९२४ |
| पर्यटन प्रवर्द्धन समिति उ.स. | पार्क निर्माण | १०५६६७४ | स्क्याभेटर | ६०७८२० |

| | | |
|---|---|---|
| ३०. | **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा बोलपत्रदाताको ढिलाईको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले देहायको निर्माण व्यवसायीसंग निर्माण कामको सम्झौता गरेकोमा लेखापरीक्षण अवधि (२०७८।६।१५) सम्म पनि कार्य सम्पन्न नगरेको र मनासिव कारण देखाई म्याद थपको निवेदन समेत पेश भएको देखिएन । यसरी सम्झौतामा तोकिएको मिति भित्र काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सम्झौता अङ्कको दैनिक ०.०५ प्रतिशतका दरले म्याद समाप्त भएको मितिबाट लेखापरीक्षण अवधी (२०७८।६।१५) सम्मको देहाय अनुसार हुन आउने पुर्वनिर्धारित क्षतिपुर्ति बापतको रकम सम्बन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्ने रु... | फर्छ्योट<br>१३०७६६३/- |

| कामको विरण | निर्माण व्यवसायी | कवोल अंक | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने | ढिला दिन | क्षतिपुर्ती रकम |
|---|---|---|---|---|---|---|

| कार्यालय - मेन्छयायेम गाउँपालिका, तेह्रथुम | | आ.व. २०७७/७८ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |

| | | | | मिति | | |
|---|---|---|---|---|---|---|
| सिकदेम जाँते असिने सडक प्रदेश समपुरक साझेदारी ठेक्का नं.१ | पि एण्ड वि कन्स्ट्रक्सन | ३६७९२९८ | २०७७/११/६ | २०७८/१/३० | १४१ | २५९३९० |
| सिकदेम जाँते असिने सडक प्रदेश समपुरक साझेदारी ठेक्का नं.३ | ,, | ४५८३३७१ | २०७८/२/१६ | २०७८/३/१५ | ९४ | २१५४१८ |
| ताकमारे सक्रान्ति लाब्री सिम्रा गुफा सडक ठेक्का नं.२ | मेन्छयायेम निर्माण सेवा | २४५४११३ | २०७७/११/५ | २०७८/१/३० | १४१ | १७३०१४ |
| ताकमारे सक्रान्ति लाब्री सिम्रा गुफा सडक ठेक्का नं.४ | ,, | ३१३९४७२ | २०७८/२/१६ | २०७८/३/१५ | ९४ | १४७५५५ |
| सेखिम्बा खानेपानी आयोजना निर्माण ठेक्का नं.१ | इन्सुम निर्माण सेवा | २५९३०२२ | २०७७/११/५ | २०७८/१/३० | १४१ | १८२८०८ |
| सेखिम्बा खानेपानी आयोजना निर्माण ठेक्का नं.२ | ,, | २२०२७२५ | २०७८/२/१३ | २०७८/३/१५ | ९४ | १०३५२८ |
| पौठाक वर्थिङ सेन्टर भवन निर्माण | सरोज निर्माण सेवा | २८६८६१० | २०७७/२/१३ | २०७८/३/१५ | ९४ | १३४८२४ |
| पौठाक वर्थिङ सेन्टर पर्खाल निर्माण | ,, | १९३८८५९ | २०७७/११/१८ | २०७८/३/१५ | ९४ | ९११२६ |
| **जम्मा** | | | | | | |

बेरुजू रकम: **१३०७६६३**

३१. **बिमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सम्बन्धि औजार, उपकरण, कामदार आदिको विमा गराउनुपर्ने व्यवस्था छ । देहायका योजनाहरुमा उपर्युक्त नियममा व्यवस्था भए बमोजिम विमा गरेको देखिएन। संरचना निर्माण कार्यको जोखिम घटाउन अनिवार्य विमा गराउनु पर्दछ ।

| योजनाको नाम | निर्माण व्यवसायी | कवोल अंक |
|---|---|---|
| सिकदेम जाँते असिने सडक प्रदेश समपुरक साझेदारी ठेक्का नं.१ | पि एण्ड वि कन्स्ट्रक्सन | ३६७९२९८ |
| सिकदेम जाँते असिने सडक प्रदेश समपुरक साझेदारी ठेक्का नं.३ | ,, | ४५८३३७१ |
| ताकमारे सक्रान्ति लाब्री सिम्रा गुफा सडक ठेक्का नं.२ | मेन्छयायेम निर्माण सेवा | २४५४११३ |
| ताकमारे सक्रान्ति लाब्री सिम्रा गुफा सडक ठेक्का नं.४ | ,, | ३१३९४७२ |
| सेखिम्बा खानेपानी आयोजना निर्माण ठेक्का नं.१ | इन्सुम निर्माण सेवा | २५९३०२२ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | सेखिम्बा खानेपानी आयोजना निर्माण ठेक्का नं.२ \| ,, \| २२०२७२५ | |
| | पौठाक वर्थिङ सेन्टर भवन निर्माण \| सरोज निर्माण सेवा \| २८६८६१० | |
| | पौठाक वर्थिङ सेन्टर पर्खाल निर्माण \| ,, \| १९३८८५९ | |
| ३२. | **खर्च अनुमोदन** - कुनै पनि योजना तथा कार्यक्रममा नपरेका कार्य गराउँदा भएको खर्च गाउँसभावाट अनुमोदन हुनुपर्दछ । गाउँपालिकाले खोरुङ्गा खोला कल्भर्ट निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई रु.१२०००००/- खर्च लेखेको छ । पालिकाले थप केही कार्य गर्नुपर्ने भनी पुनः सोही समितिमार्फत रु.८५००००/- को थप कार्य गराएकोमा उक्त थप कार्य पालिकाले अनुमोदन गरेको पाइएन । यसरी योजनामा नभएको कार्य गाउँसभावाट अनुमोदन हुनुपर्ने रु... | ८५००००/- |
| ३३. | **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । यसरी योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने समेत उल्लेख गरेको छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका अधिकांश योजनाहरु एक लाखसम्म र केही योजना पाँच लाखसम्म भएको पाइएकोले यस्ता सानासाना र टुक्रे प्रकृतिका योजनामा भन्दा दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ३४. | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्दछ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष विभिन्न विद्यालयहरुको लागि गाउँपालिका शिक्षा पुंजिगत शीर्षकवाट रु.१३५८९००/- को कम्प्युटर, प्रिन्टर, व्याट्रि, इन्भर्टर आदि सामान टुक्रा पारी विभिन्न ३ फर्मसंग सोझै खरिद गरेको छ । नियमावलीले तोकेको सीमा भन्दा बढीको सोझै खरिद खर्च नियमसम्मत नदेखिएको रु..... | १३५८९००/- |
| ३५. | **नर्म्स** - उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्माण सम्बन्धी कार्यहरुको लागत अनुमान तयार गर्ने प्रयोजनको लागि विभिन्न आइटम कामको दर विश्लेषण गर्दा तोकिएको नर्म्स तथा निर्धारित दररेटलाई आधार लिई यकिन गर्नुपर्दछ । पालिकाले मोराहाङ बजार कल्भर्ट तथा पेटी निर्माण योजनाको लागत अनुमान तयार गर्ने प्रयोजनका लागि दर विश्लेषण गर्दा १:४ मसलाको गाहो लगाउने कार्यमा दर विश्लेषण अनुसार प्रति घन मिटर १२४ के.जी. सिमेन्ट लाग्नेमा रु.१५८ के.जी. सिमेन्टको रकम कायम गरेको पाइयो । जसवाट प्रति घन मिटर रु.३४ के.जी. का सिमेन्टको परिमाण बढी हुने हुँदा ४९.३६ घन मिटर कार्यको प्रति के.जि.सिमेन्टको मुल्य रु.१९/- ले हुने रु.३१८८६/- बढी खर्च असुल हुनुपर्ने रु... | ३१८८६/- |
| ३६. | **कार्यसम्पादन जमानत रकम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिम कार्यसम्पादन जमानत दाखिला गर्दा वोलपत्रदाताले लागत अनुमान भन्दा १५ प्रतिशतसम्म कम अंक कबुल गरेमा कबुल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेर कवुल गरेको अवस्थामा | |

कार्यालय - मेन्छयायेम गाउँपालिका, तेह्रथुम

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

१५ प्रतिशत भन्दा माथि जति रकमले घटी कवुल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कवुल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्ने उल्लेख छ । निम्न निर्माण कार्यको घटी कार्यसम्पादन जमानत लिई सम्झौता गरेकोले नपुग कार्यसम्पादन जमानत रकमको प्रमाण पेश हुनुपर्ने रु... ९८१३३४/-

| ठेक्का नं र निर्माण व्यवसायी | योजनाको नाम | लागत अनुमान | कवुल अंक | लिनुपर्ने जमानत रकम | लिएको जमानत रकम | नपुग रकम |
|---|---|---|---|---|---|---|
| पि.एण्ड.वि. कन्स्ट्रक्सन | सिकदेम जाँते असिने सडक प्रदेश समपुरक साझेदारी ठेक्का नं.१ | ८५९८३८४ | ३६७९२९८ | ११९८६२९ | १४०३५४० | ५९५०८९ |
| मेन्छयायेम निर्माण सेवा | ताकमारे सक्रान्ति लाब्री सिम्रा गुफा सडक ठेक्का नं.२ | ५६९५५७५ | २४५४११३ | १३१६२६९ | ९३००२४ | ३८६२४५ |
| जम्मा | | | | | | ९८१३३४ |

३७. **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार खर्चको गोश्वारा भौचरसाथ संलग्न विल भरपाई अनुसार हुन आउने रकम भन्दा बढी खर्च लेख्नु हुँदैन । प्राविधिक कर्मचारीहरुको लागि २०७७।७।१ देखि लागु हुने गरी प्रति महिना बढिमा २० दिनसम्म मात्र दिने गरी दैनिक इन्जिनियर तहलाई रु.७००/-, सब-इन्जिनियरलाई रु.५५०/- र अ.स.इ.लाई रु.५००/- का दरले प्राविधिक फिल्ड भत्ता दिन कार्यपालिकाले २०७७/७/१ मा निर्णय गरेको छ । कार्यालयका इन्जिनियर कुशल लिम्बुलाई २०७७ कार्तिक देखि २०७८ आषाढसम्म ९ महिनाको २० दिन प्रति महिनाले १८० दिनको प्रति दिन रु.७००/- का दरले रु.१२६०००/- भुक्तानी हुनुपर्नेमा रु.१४००००/- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१४०००/- असुल हुनुपर्ने रु... १४०००/-

**संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजिगत**

३८. **विद्यालय छनौट** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यक्ताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको पाइएन।

३९. **कन्टीन्जेन्सी कट्टी** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा सशर्त अनुदान अन्तरगत विद्यालय भौतिक निर्माण सुधार कार्यक्रमको लागि स्थानीय तहमा प्राप्त रकमबाट कन्टिन्जेन्सी रकम कटौती गर्न नपाईने उल्लेख छ । गाउँपालिकाले सशर्त अनुदान तर्फको भौतिक निर्माण सुधार कार्यक्रम अन्तरगत जनप्रिय मा.वि. मा शौचालय निर्माण कार्य सम्पन्न गरी रु. ६७२०००/- भुक्तानी दिएकोमा कन्टिन्जेन्सी बापत रु.२८०००/- कट्टी गरी खर्च लेखेको पाइयो। यसरी कट्टी गर्न नमिल्ने कन्टिन्जेन्सी बापतको रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु... २८०००/-

४०. **कार्य सम्पन्न प्रतिवेदन** - कार्यक्रम कार्यान्वयन पुस्तिकाको अनुसूची-७ मा विद्यालयहरुले भवन निर्माण, नयाँकक्षा कोठा निर्माण, भवन मर्मत, शौचालय निर्माण लगायतका भौतिक निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा सम्बन्धित प्राविधिकवाट तयार गर्न लगाई स्थानीय तहका शिक्षा अधिकृत/प्रशासकीय प्रमुख, प्राविधिक कर्मचारी, सम्बन्धित विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | समितिका अध्यक्षवाट समेत प्रमाणित गराई विद्यालय र स्थानीय तहमा एक/एक प्रति राख्ने व्यवस्था मिलाउनु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री गोखुरी मा.वि.लाई भवन तथा ट्रस निर्माण कार्यको लागि रु. १८०००००/- रकम निकासा दिएकोमा बर्षान्तसम्ममा पनि कार्यसम्पन्न नभएकोले कार्यसम्पन्न गरी सोको प्रतिवेदन पेश हुनुपर्ने रु... | फछ्र्यौट १८०००००/- |
| ४१. | **फर्माको काम** - उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्माण सम्बन्धी कार्यहरुको लागत अनुमान तयार गर्ने प्रयोजनको लागी विभिन्न आइटम कामको दर विश्लेषण गर्दा तोकिएको नर्म्स तथा निर्धारित दररेटलाई आधार लिई यकिन गर्नुपर्दछ । गाँउपालिकाले देहाय अनुसारका योजनाहरुमा फर्मा लगाउने कार्यको दर विश्लेषण गरी लागत अनुमान तयार गर्दा काठको स्क्रयाप भ्याल्युलाई नघटाई तथा मु.अ.कर समेत समावेश गरी बढी दर राखी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समिति मार्फत संचालित निम्नानुसारका योजनाहरुमा फर्माको आइटममा यसरी वृद्धिदरबाट हिसाब गर्दा बढी भुक्तानी हुन गएको देखियो । यसरी बढी भुक्तानी हुन गएको सम्बन्धमा सम्बन्धित प्राविधिकलाई समेत जिम्मेवार बनाई असुल गर्नुपर्ने रु...... | १६३९०१/- |

| भौ नं. र मिति | उपभोक्ता समिति एवं योजनाको नाम | कामको आइटम | कामको परिमाण व. मि. मा | लागत अनुमानको दर | नर्म्स अनुसार हुन आउने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालुतर्फ** | | | | | | | |
| ३९-०७८।३।१२ | श्री सिद्देश्वर मा.वि. मा भवन निर्माण | फर्मा लगाउने काम | ८९०.७६८ | ७५२ | ५६८ | १८४ | १६३९०१ |
| | जम्मा | | | | | | १६३९०१ |

| | | |
|---|---|---|
| ४२. | **बढी भुक्तानी** - कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरी सम्झौता एवं कार्य सम्पन्न प्रतिवेदन अनुसार हुन आउने रकम मात्र खर्च लेख्नुपर्दछ । पर्यटन प्रवर्द्धन कार्यक्रम तर्फ रु. १००००००/- र जनश्रम रु. ५६६७४/- समेत रु. १०५६६७४/- को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत मेन्छयायेम पार्क निर्माण गर्न पालिकाले सम्झौता गरेको छ । उक्त पार्क मिर्माण कार्य बापत कन्टिन्जेन्सी रकम बाहेक उपभोक्ता समितिलाई रु. ९५१९३१/- भुक्तानी दिनुपर्नेमा कन्टिन्जेन्सी रकम समेत समावेश गरी रु. ९९१९३१/- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु. ४००००/- असुल हुनुपर्ने रु... | फछ्र्यौट ४००००/- |
| | **संघीय सर्शत चालु शिक्षातर्फ** | |
| ४३. | **विद्यालयगत निकासा रजिष्ट्रर** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नुपर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र दिएको निकासा रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले पालिकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ । | |
| ४४. | **छात्रवृति तथा पाठ्यपुस्तक वितरण** - कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले विद्यालयहरुलाई यस आ.व. मा छात्रवृत्ति बापत रु. २७७०००/-, निशुल्क पाठ्यपुस्तक बापत रु. ९४४०००/- र दिवा खाजा बापत रु. १२१०४६५/- गरी २३ विद्यालयहरुलाई रु. २४३१४६५/- | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | निकासा दिएको छ । उक्त निकासा रकम तोकिएको प्रकृया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । तसर्थ कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्याङ्कन हुनुपर्दछ । | |
| ४५. | **सामाजिक परीक्षण र वित्तीय लेखापरीक्षण** - विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ बमोजिम यस गाउँपालिका अन्तर्गतका ४ माध्यमिक विद्यालय र १७ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परीक्षण तथा लेखापरीक्षण बापत रु. २३००००/- लेखापरीक्षण अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण जवाफदेहिता सुनिश्चितताका साथ दोस्रो चौमासिक निकासा दिँदासम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । नियममा व्यवस्था भए बमोजिमको कार्य गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ४६. | **छात्रवृत्ति-** गैर आवासीय छात्रवृत्तिको लागि आइ. ई. एम. आइ. एस. मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरी सो को आधारमा विद्यालयहरुलाई छात्रवृत्ति रकम निकासा दिनुपर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकाले उल्लेख गरेको छ । आइ. ई. एम. आइ. एस. तथ्यांकको आधारमा जनकल्याण आ.वि. लाई ५ जना छात्राहरुको रु. ४०० का दरले जम्मा रु. २०००/- निकासा हुनुपर्नेमा कार्यालयवाट उक्त विद्यालयलाई १३ जनाको लागि रु. ५२००/- निकासा भएकोले बढी निकासा भएको रु. ३२००/- सम्बन्धित विद्यालयहरुबाट असुल गरी दाखिला हुनुपर्ने रु. | फछ्यौट ३२००/- |
| ४७. | **सिकाइ सहजिकरणका लागि शैक्षिक कार्यक्रम** -भौ.नं. २५-०७७।११।१७ कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम अनुसार पालिकाले अन्तर्गतका आधारभुत तहका सबै विद्यालयका लागि सुचना तथा संचार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न प्रति विद्यालय एकमुष्ट रु. १२ हजारका दरले रु. २०४०००/- र विद्यालयका स्वास्थ्य सुरक्षा सामाग्री व्यवस्थापन गर्न सामुदायिक विद्यालयमा अध्ययनरत पुर्व प्राथमिक कक्षा देखि कक्षा १२ सम्मका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थीहरु रु.२००/- का दरले रु.३८५०००/- समेत गरी रु. ५८९०००/- भुक्तानी गरेको छ । पालिकाले निकासा दिएको उक्त अनुदान रकमबाट सुचना तथा सञ्चारमा आधारित शिक्षण सिकाई व्यवस्थापनको लागि इन्टरनेट जडान, जडित इन्टरनेटको शुल्क भुक्तानी र स्वास्थ्य सुरक्षाका मापदण्ड विकास गर्न खर्च गरी सोको विल भरपाई र विवरण पेश गर्नुपर्ने तथा पालिकाले सम्पादित कार्यहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी कार्य प्रगति तयार गर्नुपर्नेमा सो भए गरेको पाइएन । निकासा भएको अनुदान रकम सम्बन्धित क्षेत्रमा उपयोग भएको सुनिश्चित नभएकोले सो को विल भरपाई तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु..... | ५८९०००/- |
| ४८. | **महिनावारी व्यवस्थापन सामग्री** - भौ.नं. १०७/२०७८/३/२८ विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई आवश्यक सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ । गाउँपालिकाले यस आर्थिक वर्षमा ६००० प्याकेट सेनिटरी प्याड खरिद गरी रु. ३९१०००।- खर्च गरेको छ । पालिकाले खरिद गरेको सेनिटरी प्याड पालिकामा नै मौज्दात रहेको पाइयो । पालिकाले विद्यालयलाई उक्त सेनिटरी प्याड हस्तान्तरण गरी विद्यालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत पेश हुनुपर्दछ। | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | कोभिड-१९ को कारणले विद्यालय बन्द भएको अवस्थामा ती सामान खरिद गर्नुपर्ने अवस्था नदेखिएको तथा लामो अवधिसम्म मौज्दात राख्दा सामानको गुणस्तरमा ह्रास हुने अवस्था रहेको समेत देखिएको छ। वास्तविक आवश्यकताको आधारमा सामान खरिद नहुँदा खर्चमा मितव्ययिता राखेको पाइएन । तसर्थ खरिद भएको सेनिटरी प्याड प्रभावकारी रुपमा उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु... | ३९१०००/- |
| ४९. | **प्राविधिक ग्रेड** - शिक्षकलाई प्राविधिक ग्रेड प्रदान गर्दा २०५७ साल आषाढ मसान्तसम्म तालिम प्राप्त गरी स्थायी भएका र प्राविधिक स्केल खाइपाइ आएका शिक्षकलाई मात्र विशेष व्यवस्था अनुसार प्राविधिक २ ग्रेड थप गरी दिने र यसरी दिंदा २०७३।४।१ पश्चात पाउने १ दिनको तलब बराबर १ ग्रेडको हिसाबले प्राविधिक २(दुई) ग्रेड बापत हुने रकमवाट भुक्तानी पाइसकेको एकमुष्ट रकम घटाई बाँकी रकम मात्र भुक्तानी दिन सकिने व्यवस्था शिक्षा मन्त्रालयवाट मिति २०७८।१।३० मा जारी परिपत्रमा उल्लेख छ । पालिकाले देहायका शिक्षकहरुलाई २०७३।४।१ देखि प्राविधिक ग्रेड बापत २(दुई) ग्रेड थप गरी १ दिनको तलब बराबरको ग्रेडदरले रु. १८०२८०।- भुक्तानी दिएको छ । तर ती शिक्षकहरुले यस अघि पुरानो ग्रेड दरले प्राविधिक ग्रेड खाइपाइ आएको हो वा पुरै ग्रेड छुट भएको हो सो को कुनै आधार प्रमाण बेगर १ दिनको तलब बराबर १ ग्रेडको दरमा पुरानो ग्रेड दर नघटाई भुक्तानी लिए दिएको देखियो । तसर्थ कार्यालयले पुनः यकिन गरी भुक्तानी भैसकेको घटाउनुपर्ने ग्रेड देखिएमा शिक्षकहरुवाट रकम असुल गरी दाखिला हुनुपर्दछ । | |

| सि.नं. | पद | शिक्षकको नाम | भुक्तानी भएको ग्रेड रकम |
|---|---|---|---|
| १ | निमावि द्वितीय | विश्वराज खापुङ | ८०३६२ |
| २ | प्रावि द्वितीय | चन्द्रजित लिम्बु | ९९९१८ |
| | जम्मा | | १८०२८० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५०. | **शैक्षिक तथ्यांक** - गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७७/७८ मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा तलव भत्ता रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७७ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७७/७८ मा भएकोमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन । | |
| | **संघीय सर्शत स्वास्थ्यतर्फ** | |
| ५१. | **औषधी खरिद** ( सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । गाउँपालिकाले उक्त प्रमाण वेगर पटक पटक गरी रु. १४८९०३७/- को औषधि सोझै खरिद गरेको छ । खरिद गरेका उक्त | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | औषधिहरु कुन औषधि कम्पनीबाट उत्पादन भएका हुन्, नखुल्नुको अतिरिक्त सोको मूल्य राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिँदैन ।औषधि डव्लु.एच.ओ. वाट सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नुपर्ने र निः शुल्क वितरण हुने भनी खुलाउनु पर्नेमा सो समेत भए गरेको देखिएन । तसर्थ तोकिएको विधि र प्रकृया अनुसार औषधी खरिद गरी व्यवस्थापन गर्नुपर्दछ । | |
| | **उर्जा कार्यक्रमतर्फ** | |
| ५२. | **जिन्सी मौज्दात** - भौ.नं.१०२-०७८।३।२६ कार्यालयले सामग्री खरिद गर्दा वास्तविक आवश्यक्ताको आधारमा खरिद गरी त्यसरी खरिद भएको सामग्रीको समुचित प्रयोग गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष नविकरणीय उर्जा बायो ग्याँस प्रविधि कार्यक्रम अन्तर्गत लक्षित वर्गको लागी भनी ८८ थान रकेट चुलो दिप लाईट इनर्जीबाट रु. ३९६०००/- मा खरिद गरेकोमा लेखापरीक्षण अवधी ( २०७८।६।१७) सम्म पनि वितरण नभई जिन्सीमा मौज्दात रहेको पाइयो । यसरी सामग्री खरिद गरी लामो अवधिसम्म मौज्दात राख्दा सामानको गुणस्तरमा समेत ह्रास हुन जान्छ । तसर्थ पालिकाले वास्तविक आवश्यक्ताको आधारमा मात्र सामग्री खरिद गरी उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन गरी वितरण गर्न ध्यान पुर्याउनुपर्ने देखिएको रु..... | ३९६०००/- |
| ५२.१. | कार्यालयले माथि उल्लेखित ८८ थान रकेट चुलो खरिद गरे बापत दिप लाईट इनर्जीलाई रु. ३९६०००/- भुक्तानी दिनुपर्नेमा रु. ३९७०००/- भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु. १०००/- असुल गरी दाखिला गर्नुपर्ने रु.... | १०००/- |
| | **कृषिपशु कार्यक्रमतर्फ** | |
| ५३. | **लागत साझेदारीमा पशु प्रवर्द्धन कार्यक्रम**- भौ.नं. ८९-०७८।३।२२ पशु प्रवर्द्धन कार्यक्रम अन्तरगत संघीय शर्शतको रु. १००००००/-, गाउँपालिकाको रु. ५०००००/- र कृषकहरुबाट खोर निर्माणको ५० प्रतिशत रकम सहभागीतामा ३१ वटा कृषक फर्महरुलाई बंगुर खोर निर्माण गरी पालिकाले बंगुर प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ । त्यसै गरी सोही शिर्षक अन्तर्गत संघीय शर्शतको रु. १५०००००/- र कृषकहरुबाट खोर निर्माणको ५० प्रतिशत रकम लागत सहभागितामा ४७ वटा कृषक फर्महरुलाई बाखा खोर निर्माण गरी बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ । पालिकाको लागत सहभागीतामा सञ्चालित कार्यक्रम मार्फत कृषकहरुलाई खोर निर्माण गरेपश्चात बंगुर तथा फर्महरुको सञ्चालन अवस्थाको बारेमा पालिकाले अनुगमन गरेको देखिएन । तसर्थ पालिकाले ती फार्महरुको कार्यसञ्चालनको नियमित अनुगमन गरी सो को प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ५४. | **आलु पकेट कार्यक्रम सञ्चालन** - कृषि प्रवर्द्धन कार्यक्रम अन्तरगत पालिकाले कृषकहरुको लागत सहभागीतामा आलु पकेट कार्यक्रम सञ्चालन गरी रु. २४०००००/- खर्च गरेको छ । उक्त कार्यक्रम सञ्चालन गर्न कार्यपालिकाको २०७७।९।५ को निर्णय अनुसार बिउ विजन खरिदमा ८० प्रतिशत, यन्त्र उपकरण खरिदमा ५० प्रतिशत, सिंचाई सामग्री खरिदमा ७५ प्रतिशत, ढुवानीमा १०० प्रतिशत र विषाधी खरिदमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले दुई आलु पकेट सञ्चालक समिति गठन गरी प्रति समुह रु. १२०००००/- खर्च गरेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् । | |
| ५४.१. | पालिकाको सहभागीतामा सञ्चालित कार्यक्रम मार्फत कृषकहरुलाई पकेट क्षेत्र सञ्चालन गरेपश्चात कार्यालयले ती पकेट क्षेत्रको सञ्चालनको अवस्थाको अनुगमन गरेको देखिएन । तसर्थ पालिकाले ती | |

कार्यालय - मेन्छयायेम गाउँपालिका, तेह्रथुम

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | पकेटक्षेत्रहरुको सञ्चालनको नियमित अनुगमन गरी सो को प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ५४.२. | स्वीकृत कार्यक्रम अनुसार लागत सहभागिता जुटाउनु पर्ने कार्यक्रमहरुमा कृषकहरु बाट तोकिए बमोजिम सहभागिता बराबरको रकम असुल गरी बाँकी सहभागिताको अंश मात्र कार्यालयबाट अनुदान स्वरुप खर्च लेख्नु पर्दछ । देहायका आलु पकेट सञ्चालक समितिहरुलाई सिंचाई सामग्री खरिदमा पालिकाबाट व्यहोर्नुपर्ने लागत सहभागिता बमोजिम ७५ प्रतिशत रकम उपलब्ध गराउनुपर्नेमा ८५ प्रतिशत रकम उपलब्ध गराइएकोले बढी खर्च लेखिएको सो रकम संचालक समितिबाट असुल गर्नुपर्ने देखिएको रु.... | ६२४००/- |

| भौ नं. र मिति | सञ्चालक समितिको नाम | खरिद गरेको सिंचाई सामग्रीको लागत | पालिकाले दिनुपर्ने अनुदान | पालिकाले दिएको अनुदान | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ९७-०७८।३।२४ | आलु पकेट संचालक समिति ४,५,६ | १७८००० | १३३५०० | १५१३०० | १७८०० |
| ९७-०७८।३।२४ | आलु पकेट संचालक समिति ४,५,६ | ४४६००० | ३३४५०० | ३७९१०० | ४४६०० |
| | | | | जम्मा | ६२४०० |

**प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ**

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५५. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका वडाहरुमा सडक मर्मत तथा सरसफाई, ढल व्यवस्थापन तथा नालि सरसफाई, बाटो सोलिङ्ग लगायतका १२ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष १७८ जनालाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला बापत रु. ९२०२६००।- खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |

**सुरक्षित नागरिक आवास कार्यक्रमतर्फ**

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५६. | **कार्यसम्पन्न प्रतिवेदन** - सुरक्षित नागरिक आवास कार्यक्रमको लागि छनौट भएका २३२ जना लक्षित वर्गका प्रति परिवारलाई रु. ५००००।- दिने गरी विनियोजन गरेको रकममध्ये प्रथम किस्ता बापत जस्तापाता र काठ लगायतका सामाग्री खरिद गर्न प्रति परिवार रु. ३००००।- का दरले रु. ६९६००००।- र सो मध्ये ६ जनालाई कार्य सम्पन्न प्रतिवेदन बेगर दोस्रो किस्ता बापत रु. २००००।- का दरले रु. १२००००।- समेत गरी कुल रु. ७०८००००।- खर्च लेखेको छ । तोकिए अनुसारको आवास निर्माण कार्य सम्पन्न गरेपछी दोस्रो तथा अन्तिम किस्ताबापतको रकम भुक्तानी हुनेमा कार्यसम्पन्न प्रतिवेदन नलिई अन्तिम किस्ताको रकम खर्च लेखेको देखिन्छ । आर्थिक बर्षको अन्त्य सम्म पनि नागरिक आवास निर्माणको कार्यसम्पन्न नभएकोले कार्य सम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने रु... | ७०८००००/- |

**लघुउद्यम कार्यक्रम**

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५७. | **लघु उद्यम तालिम**- भौ.नं. ९९-०७८।३।२४ पालिकाले गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा कार्यक्रम) अन्तर्गत गाउँपालिका अध्यक्षका निजी सचिव गोपाल प्रसाद दाहाल मार्फत विभिन्न लघु विकास तालिम सञ्चालन गरी रु. १८५४९४०/- भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् । | |
| ५७.१. | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ मा कार्यालयले स्वीकृत बजेट बाट | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | आ.व. २०७७/७८ बेरुजू रकम रु. |
|---|---|---|
| | खर्च लेख्दा संलग्न विल भरपाईको जोड जम्मा गरी हुन आउने रकम मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लघु विकास तालिम सञ्चालन गरे बापत गोपाल प्रसाद दाहाललाई रु. १८५४९४०/- भुक्तानी दिएकोमा रु. १८४२९४०/- को मात्र बिल भरपाई मात्र पेश गरेकोले संलग्न विल भरपाई भन्दा बढी भुक्तानी भएको रु. १२०००/- र वडा नं. ६ मा १५ दिने व्यवसायिक पशुपालन तालिम सञ्चालन गरे बापत रु. १३७२३८/- भुक्तानी दिएकोमा रु. ८०९८८/- को मात्र विल भरपाई पेश गरेकोले संलग्न विल भरपाई भन्दा प्रेषित विल भरपाई भन्दा बढी भुक्तानी भएको रु. ५६२५०/- समेत रु.६८२५०/- असुल गरी दाखिला गर्नुपर्ने रु..... | फछ्र्यौट ६८२५०/- |
| ५७.२. | पालिकाले वडा नं. २ मा ९० दिने ढाका कपडा बुनाई तालिम सञ्चालन गर्दा प्रशिक्षक राम कुमारी लिम्बुलाई भुक्तानी दिएको प्रशिक्षक भत्ता रु. ९००००/- मा १५ प्रतिशत पारिश्रमिक कर बापत रु.१३५००/- कट्टी गरेको भएतापनी उक्त कर रकम तालिम सञ्चालकले दाखिला गरेको देखिएन । तसर्थ कट्टी गरी दाखिला नभएको कर बापतको रकम राजस्वमा दाखिला गर्नुपर्ने रु..... | फछ्र्यौट १३५००/- |
| ५७.३. | मेडपा कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन । साथै तालिम सञ्चालन गर्दा लागत सहभागीता (कस्ट सेयरिङ्ग) लाई प्राथमिकता दिनुपर्नेमा सो भएको पनि पाइएन । तसर्थ पालिकाले निर्देशिकाको पालना गरी तालिम कार्यक्रम संचालन गर्नुपर्दछ । | |
| | **कोरोना कोषतर्फ** | |
| ५८. | **कोषको आय व्यय स्थिति** - विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस रोग नियन्त्रण सम्बन्धी गतिविधि संचालन गर्न खडा गरिएको कोषमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार २१००८७५।- आम्दानी भएकोमध्ये आषाढ मसान्तसम्म देहाय अनुसार रु.२०१०७५१।- खर्च भइ रु.९०१२४।- मौज्दात देखिन्छ। | |

| खर्च | रकम |
|---|---|
| क्वारेन्टाइन व्यवस्थापन | ११५६२० |
| औषधी लगायत स्वास्थ्य सामाग्री खरिद | १६५९६३१ |
| आर्थिक सहायता | १९७००० |
| सवारी भाडा | ३८५०० |
| **जम्मा** | २०१०७५१ |

**आन्तरिक आयतर्फ**

५९. **आम्दानी र बैंक दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजश्व आम्दानीको लेखा नियमावलीको व्यवस्था अनुसार व्यवस्थित गरी असुली रकम असुल भएको भोलीपल्ट बैंक दाखिला समेत गर्नुपर्दछ । पालिका एवं अन्तर्गतका वडा कार्यालयहरुले असुल भएको रकम समयमा नै बैंक दाखिला नगरी देहाय अनुसारको रकम दाखिला गर्न बाँकी देखियो ।

| सि.नं. | पालिका कार्यालय/ वडा नं. | आम्दानी रकम | दाखिला रकम | दाखिला गर्न बाँकी रकम | जिम्मेवार कर्मचारी |
|---|---|---|---|---|---|
| १ | पालिका कार्यालय | ८९३०२९।९५ | ८८६६३६ | ६३९३.९५ | देवेन्द्र बस्नेत |



फछ्र्यौट

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | | | बेरुजू रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | १५००७४ | ५०२.५० | विष्णु प्रसाद पोखरेल | |
| | २ | वडा नं. ५ | १५०५७६।५० | १५००७४ | १०३६६ | विष्णु प्रसाद पोखरेल | |
| | ३ | वडा नं.६ | १५१४३२ | १४१०६६ | १७२६२.४५ | | |
| | जम्मा | | | | | | |
| | तसर्थ सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई बाँकी देखिएको रकम अविलम्ब बैंक दाखिला गर्नुपर्ने रु... | | | | | | १७२६२/- |
| | **सामाजिक सुरक्षा कार्यक्रमतर्फ** | | | | | | |
| ६०. | **सामाजिक सुरक्षा भत्ता वितरण -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी वडा नं ५ र ६ को भत्ता वितरणको विवरण नमुना छनौट गरी परीक्षण गर्दा देखिएका थप व्यहोराहरु देहाय अनुसार छन् । | | | | | | |
| ६०.१. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५को परिच्छेद ४ को बुँदा नं १५ मा एम.आई.एसको अद्यावधिक लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाबाट प्राप्त एम.आई.एस विवरणको मूल अभिलेख नमुना छनौट गरी परिक्षण गर्दा केही लाभग्राहीको नाम , जन्म मिति र नागरिकता प्र.नं दोहोरिएको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम समेत दोहोरो रहेको देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको यकिन गर्न सकिएन । एम.आई.एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम.आई.एस लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ । | | | | | | |
| ६०.२. | कार्यविधिमा तोकिएको ढाँचामा बैंकले सम्झौता अनुसार लाभग्राहीको भत्ता सम्बन्धितको खातामा दाखिला गरेको चौमासिकगत विवरण गाउँपालिकालाई नियमित रुपमा उपलब्ध गराउनुपर्दछ । पालिकाले भत्ता वितरण सम्बन्धी बैंकवाट प्राप्त ब्यालेन्स सर्टीफिकेट, **Reverse Feed**, स्टेटमेण्ट भिडान गरी हिसाब समेत फरफारक गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५को अनुसुची ८(१०) बमोजिम बैंकले निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा सो समेत समयमा पठाएको देखिएन । | | | | | | |
| ६०.३. | विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा गाउँपालिकाले ६ वटै वडाको सामाजिक सुरक्षा भत्ता नेपाल क्रेडिट एण्ड कमर्स बैंकसँग लि.संग सम्झौता गरी एक भन्दा बढी वडाको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी भएको देखियो । | | | | | | |
| ६०.४. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं १६ अनुसार स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो चौमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र र तेश्रो चौमासिकको भत्ता रकम जेठको दोश्रो हप्ता भित्र वितरण गरी सक्नुपर्नेमा गाउँपालिकाले | | | | | | |

| कार्यालय - मेन्छयायेम गाउँपालिका, तेह्रथुम | | आ.व. २०७७/७८ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | प्रथम चौमासिकको भत्ता २०७७ असोज २७ गते, दोश्रो चौमासिकको भत्ता २०७७ चैत्र ८ गते र तेश्रो चौमासिकको भत्ता २०७८ असार २३ गते बैंकमा निकासा गरेको देखिन्छ। कार्यविधिमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । कार्यविधिले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ । | |
| ६०.५. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं १५(४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । तेस्रो चौमासिक सम्मको सामाजिक सुरक्षा भत्ता वितरणको लागि पालिकावाट रु.२४५६८९५३।- नेपाल क्रेडिट एण्ड कमर्स बैंक मेन्छयायेम शाखामा निकासा भएकोमा उक्त भत्ता रकम वितरण गरी बैंक खातामा मौज्दात रहेको रु.३५२७४।- फिर्ता भएको नदेखिएकोले उक्त रकम संघिय संचितकोष दाखिला हुनुपर्ने रु... | ३५२७४।- |
| ६१. | **पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु... | १२८०००/- |

| पेश्की लिनेको नाम | पेश्की दिएको मिति | पेश्की रकम | | पेश्कीको किसिम |
|---|---|---|---|---|
| | | म्याद नाघेको | म्याद ननाघेको | |
| अ.न.मि. श्री पुष्पा पंधाक मातृ तथा नवजात शिशु कार्यक्रम | २०७८/१/१८ | २८००० | | कर्मचारी |
| श्री दिपेश लिम्बु सुत्केरी महिला प्रोत्साहन खर्च | २०७७/११/२२ | १००००० | | कर्मचारी |
| **कुल जम्मा** | | १२८००० | | |

| | | |
|---|---|---|
| | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस वर्ष लेखापरीक्षण डोर समक्ष सम्परीक्षणको लागि अनुरोध भै आएन । | |
| | **अद्यावधिक बेरुजु** - यस पालिकाको २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । | |

(रु.(हजारमा

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| २७०६८ | ० | ४१११७ | ० | ६८१८५ |

<u>लेखापरीक्षणमा संलग्न कर्मचारीहरुको विवरण</u>

| सि.नं. | पद | कर्मचारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | निर्देशक | श्री घनश्याम अधिकारी | |
| २ | लेखापरीक्षण अधिकारी | श्री बसन्ता पन्थी | |
| ३ | लेखापरीक्षण अधिक्षक | श्री गणेश कुमार श्रेष्ठ | |
| ४ | लेखापरीक्षण निरीक्षक | श्री मुकेश शर्मा | |